# देवानगञ्ज गाउँपालिका

## वडा नं. ३ को कार्यालय

देवानगञ्ज, सुनसरी

१ नं. प्रदेश, नेपाल

## कोटेशन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०८/२९

यस कार्यालयको चालु आ.व. २०७८/०७९ मा गाउँपालिकाको स्वीकृत कार्यक्रमअन्तर्गत तपसिलका निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ र नियमावली, २०६४ को नियम ८५ बमोजिम दरभाऊ पत्र माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दीको माध्यमबाट दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. तपसिलमा उल्लेखित दस्तुर नगद बुझाई नगदी रसिद वा नगदै बैंक दाखिला देवानगञ्ज गा. पा. कार्यालयको नाममा रहेको NIC ASIA बैंक इनरुवा शाखाको आन्तरिक राजस्व खाता नं. २४३२०५००२६४५५००७ मा जम्मा गरेको सक्कल भौचर , निर्माण व्यवासायीले व्यवसाय नविकरण भएको इजाजतपत्र, आयकर तथा मू.अ.क. दर्ता, प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र प्रतिलिपि संलग्न राखी देवानगञ्ज गा. पा. वडा न. ३ को कार्यालय, कप्तानगञ्जबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात ८ औं दिनको १२:०० बजेसम्म देवानगञ्ज गा. पा. वडा न. ३ को कार्यालय,कप्तानगञ्जको नाममा सम्बोधन गरी कामको विवरण, दरभाऊ पत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी दर्ता गराउनु पर्नेछ ।

२. शिलबन्दी दरभाउपत्र साथ देवानगञ्ज गाउँपालिकाको नाममा NIC ASIA बैंक इनरुवा शाखाको धरोटी खाता नं. २४३CA५००२१९१७००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकमको बराबरको नेपाल राष्ट्रिय बैंक मान्यता प्राप्त बैंक बाट देवानगञ्ज गाउँपालिकाको कार्यालयको नाममा जारि भएको कार्य प्रयोजन एवं ठेक्का नं. अनिवार्य रुपमा उल्लेख भएको दरभाउपत्र जमानत पत्र अन्तिम मिति बाट ७५ दिन सम्म म्याद भएको पेश गर्नु पर्नेछ ।

३ दर्ता भएका दरभाऊ पत्र ८ औं दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाऊ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गा. पा. वडा न. ३ को कार्यालय, कप्तानगञ्जमा खोलिनेछ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । दरभाउ पत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. दरभाउ पत्रमा दररेट भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

५. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४(संशोधन सहित) बमोजिम हुनेछ ।

७. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान ( मु.अ.क. बाहेक) रु. | धरोटी रकम रु. | फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | DRM-SUPPLY&FIXING/NCB/01//078/79 | पोलवति जडान वडा न. ३। | ३३५६६४।२१ | | १०००/०० | |
| २. | DRM-BUILDINGS/C/NCB/02/078/79 | सरदार टोलमा गेड महाराज निमार्ण वडा न. ३ । | ४३९७८६।८८ | | १०००/०० | |
| ३. | DRM-EARTH FILLING/NCB/03/078/79 | साविक वडा न. ९, कब्रस्थानमा माटो पुर्ने कार्य वडा नं. ३ । | १३२७०१।५८ | | १०००/०० | |

.........................

बविता कुमारी मेहता

वडा सचिव